जि.प्र.का.सिरहा द.नं. ८७-०७०/७१

तराई मधेशको लोकप्रिय पत्रिका

# मार्गानुगामी राष्ट्रिय दैनिक

MARGANUGAMI NATIONAL DAILY

कुनै पनि विचार, समाचार र विज्ञापन प्रकाशन गर्नु परेमा हामीलाई सम्झनुहोस्। हामी तपाईंलाई उचित स्थान दिनेछौं। साथै राष्ट्रिय तथा स्थानीय पत्रपत्रिकामा कुनै पनि विज्ञापन प्रकाशन गर्न चाहनु हुन्छ भने सम्पर्क गर्नुहोला।

**मार्गानुगामी राष्ट्रिय दैनिकको कार्यालय**
गोलबजार नगरपालिका-६, सिरहा
फोन नं.: ०३३-५४०३५६
मो. नं. ९८५२८३२६३४, ९८०१५००३५६
इमेल : mgnd2070@gmail.com

बर्षः १२, अंकः २१५ पृष्ठः ४ | २०८२ पुस ०२ बुधबार (Wednesday 17 Dec. 2025) | मूल्य रु. ५।- | इमेल : mgnd2070@gmail.com

# विद्यालयलाई डेस्कबेञ्चसहित उजुरी पेटिका वितरण



सिरहा, १ पुस। लहान नगरपालिकाले सामुदायिक शिक्षाको गुणस्तर सुधार गर्दै विद्यार्थीलाई उपयुक्त शैक्षिक वातावरण प्रदान गर्ने उद्देश्यका साथ नगरपालिकाभित्रका सामुदायिक विद्यालयलाई भौतिक सामग्री वितरण गरेको छ। यसैक्रममा मंगलबार नगरपालिकाले कूल ३३० थान नयाँ डेस्कबेञ्चसहित विद्यालय प्रशासनलाई थप जवाफदेही बनाउन उजुरी पेटिकासमेत वितरण गरेको छ।

एक समारोहबीच नगरप्रमुख महेशप्रसाद चौधरीले सामुदायिक विद्यालयका प्रधानाध्यापकलाई उक्त सामग्री हस्तान्तरण गरेका हुन्। नगरप्रमुख चौधरीका अनुसार यस कार्यका लागि नगरपालिकाले रु ३० लाख बजेट विनियोजन गरेको थियो। नगरप्रमुख चौधरीले भने,'सामुदायिक विद्यालयको सुधार नगरी समग्र शिक्षा सुधार सम्भव छैन।'

अघिल्लो आर्थिक वर्षमा ३०० थान डेस्कबेन्च वितरण गरिसकेको र आगामी शैक्षिक सत्रबाट विद्यार्थीलाई कापी र डटपेन उपलब्ध गराउन बजेटको व्यवस्था गरिएको छायसका अतिरिक्त, 'पढ्दै कमाउँदै कार्यक्रम' अन्तर्गत पशुपति आदर्श माध्यमिक विद्यालयलाई रु २० लाख छुट्याइएको छ। प्रविधियुक्त शिक्षणका लागि ३६ थान स्मार्ट बोर्ड वितरण गर्ने हिसाबले खरिद प्रक्रिया सुरु गरिएको छ। भौतिक पूर्वाधारतर्फ, लक्ष्मण ललिता कुशवाहा माध्यमिक विद्यालय, माध्यमिक विद्यालय पडरिया थारुटोल, लेखनाथ माध्यमिक विद्यालयलगायतमा चारकोठे भवन निर्माण सम्पन्न भइसकेको र आवश्यकतानुसार अन्य विद्यालयमा पनि क्रमशः निर्माण गरिने नगरपालिकाले जनाएको छ। नगरपालिकाले दलित तथा मुसहर विद्यार्थीलाई लक्षित गर्दै निःशुल्क ट्युसन कक्षा सञ्चालनको तयारी पनि गरेको छ।

**–बाँकी दुई पेजमा**

# आगामी आर्थिक वर्षको बजेट निर्माण प्रक्रिया सुरु

काठमाडौँ, १ पुस। आगामी आर्थिक वर्ष (आव) २०८३/८४ को बजेट निर्माण प्रक्रिया सुरु भएको छ। राष्ट्रिय योजना आयोगले आगामी आवका लागि संघीय समपूरक र विशेष अनुदानअन्तर्गत कार्यान्वयन हुने योजना तथा कार्यक्रमको प्रदेश र स्थानीय तहसँग प्रस्ताव मागेसँगै बजेट प्रक्रिया सुरु भएको हो।

प्रदेश तथा स्थानीय तहका लागि संघीय सरकारबाट उपलब्ध हुने समपूरक तथा विशेष अनुदान लिनका लागि आगामी माघ मसान्तभित्रमा प्रस्ताव पेस गरिसक्नुपर्नेछ। "प्रदेश र स्थानीय तहले अन्य स्रोतबाट कार्यान्वयन गर्ने आयोजना वा कार्यक्रम र सञ्चालनमा रहेका आयोजना तथा कार्यक्रमसँग दोहोरो नपर्ने गरी प्रस्ताव पेस गनुपर्नेछ", आयोगले प्रस्ताव माग गर्दै भनेको छ, "प्रदेशको हकमा सम्बन्धित प्रदेश नीति तथा योजना आयोगले तयार पारेको प्राथमिकीकरणसहितको सिफारिस तथा प्रदेश सरकारको सिफारिस र स्थानीय तहको हकमा कार्यपालिकाबाट सिफारिस चाहिने छ", आयोगले भनेको छ।

समपूरक र विशेष अनुदानका लागि आयोगको विद्युतीय सूचना व्यवस्थापन प्रणालीमार्फत मात्रै प्रस्ताव पेस गर्न सकिने पनि आयोगले जनाएको छ। त्यस्तै, प्रस्ताव पेस गर्दा समपूरक अनुदानसम्बन्धी (पहिलो संशोधन) कार्यविधि, २०८२ र विशेष अनुदानसम्बन्धी (पहिलो

**–बाँकी दुई पेजमा**

## राष्ट्रिय झण्डाको सम्मान गरौं।

**राष्ट्रिय झण्डाको अपमान हुने देहायका कार्य गर्न पाइँदैनः**

- राष्ट्रिय झण्डा उल्टो (चन्द्रमा तल पर्ने गरी) राख्न।
- राष्ट्रिय झण्डा च्यात्न, जलाउन, फ्याँक्न वा कुनै सामान पोको पार्न।
- व्यापारिक प्रयोजनका लागि दुरुपयोग गर्न।
- शरीरको कम्मरभन्दा तलको भागमा लगाउन।
- शरीरको छातीभन्दा तलको भागमा लगाइने भित्री बाहिरी कपडामा राष्ट्रिय झण्डाको प्रतीक चिन्ह राख्न।
- फहराउने प्रकृतिको कार्यमा बाहेक अन्यत्र राष्ट्रिय झण्डाको प्रयोग नगरौं।

**राष्ट्रिय झण्डाको सम्मान गरी स्वतन्त्रता, पहिचान र स्वाभिमानको रक्षा गरौं।**

नेपाल सरकार
**विज्ञापन बोर्ड**




GUPTA BROTHER'S AUTO TRADE Mirchaiya, 033-550744 | 9801552812

# गर्भवती जाँचका लागि स्वास्थ्य चौकीलाई ग्रामीण अल्ट्रासाउन्ड सहयोग

**मणिलाल विश्वकर्मा**

लहान, १ पुस। ग्रामीण क्षेत्रमा सुरक्षित मातृत्वको प्रवर्द्धन गर्न सघाउने उद्देश्यले सिरहाको भलुवाहीस्थित स्वास्थ्य चौकीलाई सहयोगस्वरूप ग्रामीण अल्ट्रासाउन्ड हस्तान्तरण गरिएको छ। स्वास्थ्य संस्थामा प्रसूति गराउन र मातृ तथा शिशुको स्वास्थ्य सुरक्षाका लागि सञ्चालित मातृ तथा शिशु स्वास्थ्य सेवा सुदृढीकरण कार्यक्रमअन्तर्गत सिराहा नगरपालिका– ११ भलुवाहीस्थित स्वास्थ्य चौकीलाई सोमबार संक्षिप्त समारोहबिच बोकेर हिंड्न मिल्ने ग्रामीण



अल्ट्रासाउन्ड (आरओयुएसजी) हस्तान्तरण गरिएको हो।

बर्थिङ सेन्टरसमेत रहेको चौकीमा अल्ट्रासाउन्ड प्राप्त भएलगत्तै सेवा सञ्चालन गरिएको स्वास्थ्य चौकी इन्चार्ज सिअहेव प्रदीपनारायण ठाकुरले जानकारी दिए। 'स्वास्थ्य चौकीमा गर्भ जाँच गराउन दैनिक करिब १० जनाजति महिला आउँथे,' उनले भने, 'अल्ट्रासाउण्ड नहुँदा जटिल अवस्थाका वा कुनै समस्या हुन सक्ने जोखिम भएका गर्भवतीको जाँच गराउन सिरहा प्रादेशिक अस्पताल रेफर गर्नुपर्ने बाध्यता हटेको छ।'

स्वास्थ्य चौकीले अल्ट्रासाउन्ड उपकरण पाएपछि गर्भ रहेदेखि अन्तिम महिनासम्म चारपटक जाँच गराउँदा गर्भवतीले खर्चिनपर्ने औसत दुई हजार आठ सय रुपैयाँ जोगिने उनले बताए। बन हर्ट वर्ल्डवाइडको सहयोगमा दुई लाख २३ हजार ७५३ रुपैयाँ मूल्यको अल्ट्रासाउन्ड हस्तान्तरण गरिएको लहानस्थित होप फाउन्डेसनकी अध्यक्ष पार्वती सुब्बाले जानकारी दिइन्।

'उक्त सहयोगले गर्भवतीको नियमित जाँच, चर्को शुल्क तिरेर निजी क्लिनिकमा अल्ट्रासाउन्ड गर्नुपर्ने बाध्यताको अन्त्य भएको छ,' उनले भनिन्, 'गरिब विपन्न समुदायका गर्भवतीले अल्ट्रासाउन्ड नगराई जोखिम मोलेर सुत्केरी हुनुपर्ने अवस्थाको समेत अन्त्य भएको छ।' बन हर्ट वर्ल्डवाइडका जिल्ला संयोजक कवीन्द्र रेग्मी र फाउन्डेसनकी अध्यक्ष सुब्बाले उक्त उपकरण स्वास्थ्य चौकी व्यवस्थापन समिति, वडाध्यक्ष, जिल्ला स्वास्थ्य कार्यालय, नगर स्वास्थ्य शाखा, महिला स्वास्थ्य स्वयंसेविका, आमा समूहका प्रतिनिधिहरूको उपस्थितिमा

**–बाँकी दुई पेजमा**

# सम्पादकीय

## किन पोखिन्छ ऋणीको रिस बैंकका कर्मचारीमाथि ?

सप्तरीको सप्तकोशी नगरपालिका–७ मा ज्योति विकास बैंकका कर्मचारीमाथि भएको अभद्र व्यवहार र कुटपिटको घटनाले बैंकिङ क्षेत्र तथा ऋणीबीचको सम्बन्धमा देखिएको तनाव उजागर गर्नुका साथै प्रहरीको कार्यशैलीमा रहेको तजबिजी प्रवृत्ति पनि उदाङ्गो पारेको छ। विवाद हुनेबित्तिकै हातपात गर्ने तर प्रहरीले पीडितको जाहेरी लिन भने आलटाल गर्ने प्रवृत्ति गम्भीर चिन्ताको विषय हो। फौजदारी मुद्दामा जाहेरी लिन आलटाल नगर्न सर्वोच्च अदालतले परमादेशसमेत दिएको छ। विभिन्न बैंकिङ कर्मचारी संगठनहरूको चिन्ता र आक्रोशले पनि स्थिति गम्भीर देखिन्छ।

ऋणीले किस्ता तिर्न नसकेपछि ऋण असुलीका लागि कुराकानी गर्न गएका बैंकका अधिकृतहरूमाथि स्थानीय जनप्रतिनिधिसमेतको संलग्नतामा कुटपिट र बन्धक बनाउने प्रयास भएको थियो। त्यस्तो जघन्य अपराध हुँदा पनि प्रहरीले जाहेरी लिन आलटाल गरेको गुनासो पीडित पक्षले गरेको छ। कानुन कार्यान्वयनमा आलटाल गर्ने प्रहरीको यस प्रवृत्तिले कानुन हातमा लिने अराजक जमात हौसिँदै गएको देखिन्छ।

घटनाको पृष्ठभूमिमा बैंकले धितोमा राखिएको जग्गा लिलाम गर्ने सूचना निकालेको र ऋणी पक्षले लिलामी प्रक्रिया स्थगनको लिखित सहमति गरेको दाबी बताइएको छ। यही क्रममा ऋणी पक्षले सहमतिविपरीत बैंक कर्मचारीले धाकधम्की दिएको आरोप लगाएका छन् भने संवादको क्रममा नै कर्मचारीलाई जुत्ताको माला लगाउने, कुटपिट गर्ने र बन्धक बनाउने जस्तो अभद्र व्यवहार गरिएको देखिनेछ।

बैंकले सहमति तोडेको हो भने ऋणीले पनि कानुनी उपचार खोज्नुपर्ने थियो। तर, ऋणीकै परिवारको सदस्य रहेकी स्थानीय पालिकाकी उपप्रमुखजस्तो जिम्मेवार पदमा बसेकी व्यक्ति नै हिंसामा उत्रनु गम्भीर आपत्तिको विषय हो। सायद, उपप्रमुखको नाम जोडिएकैले प्रहरीले जाहेरी लिन आलटाल गरेको हुनुपर्छ। अर्कातिर, यस घटनाले बैंकहरूको ऋण असुली प्रक्रियामा देखिएको संवेदनहीनता र ऋणीहरूमा बढ्दो निराशा एवं आक्रोशको पनि प्रतिनिधित्व गर्छ। पछिल्ला दिनहरूमा बैंकहरूको 'ज्यादती' विरुद्ध ऋणीहरू बढी नै आक्रोशित हुने गरेको देखिएको छ। बैंक एवं वित्तीय संस्थाका ऋणीहरूको यही निराशाजन्य आक्रोशलाई निहित राजनीतिक स्वार्थ पूरा गर्न प्रयोग गर्ने संगठित प्रयाससमेत भएको छ ।

एकातिर सहकारी संस्थाका बचतकर्ताहरूको अबौं रकम हिनामिना भएर आन्दोलन र मुद्दा मामिला भइरहेको छ भने अर्कातिर संगठितरूपमै बैंकबाट लिएको ऋण नतिर्ने माग अभियान चलाइएको देखिन्छ। यसका कारण विभिन्न होलान् तर विगतमा नेपाल राष्ट्र बैंकले केन्द्रीय बैंकको हैसियतले गर्नुपर्ने नियमन नगर्नु पनि प्रमुख कारणमध्येको हो।

बैंकहरूको चक्रवृद्धि ब्याज लिने, अनावश्यक झमेला दिने र सेवा शुल्कका नाममा ऋणीको दोहन गर्नेजस्ता नाफाखोर प्रवृत्तिविरुद्ध उठाइएको आवाजलाई भने गलत भन्न मिल्दैन। तर, बैंकको ज्यादतीको विरोध गर्ने बहानामा सप्तरीकै शैलीको अराजक र गैरकानुनी बाटो सबैले अपनाउन थाले भने समाजमा अराजकता व्यापक हुने निश्चितै छ। स्थानीय तहको जनप्रतिनिधिकै संलग्नतामा कर्मचारीमाथि भएको कुटपिटले विधिको शासनको खिल्ली उडाएको छ। जनप्रतिनिधि नै यसरी कानुन कार्यान्वयनमा सहयोग गर्नुको साटो कानुन तोड्न अग्रसर हुँदा दण्डहीनताले प्रश्रय पाउने नै भयो। यसैले यस घटनाका दोषीलाई राजनीतिक पहुँचको आधारमा उन्मुक्ति नदिई तत्काल कानुनी कारबाही को दायरामा ल्याउन प्रहरीले आलटाल नगरोस्।

अन्ततः राज्य गम्भीर हुनुपर्छ। एकातर्फ राष्ट्र बैंकले बैंकिङ प्रणालीको संवेदनहीन प्रवृत्ति र ज्यादती नियन्त्रण एवं नियमनका लागि कदम चाल्नुपर्छ भने अर्कातर्फ सरकारले कानुन हातमा लिने जुनसुकै पक्ष ९चाहे त्यो बैंक होस् वा ऋणी० लाई कारबाहीको दायरामा ल्याउनुपर्छ। अराजकता र बेथितिलाई बढ्न नदिन कानुनको सर्वोच्चता स्थापित गर्नु र न्यायिक प्रक्रियालाई बलियो बनाउनु आजको आवश्यकता हो।

छुवाछुत एक सामाजिक अपराध र मानव अधिकारको हनन् हो। समाजबाट छुवाछुत प्रथा हटाउने दायित्व प्रत्येक नागरिकको हो। छुवाछुतलाई कानूनले दण्डणीय अपराध घोषणा गरेको छ।

# ओलीले समयको पदचाप बुझ्नेनन् भने समयले उनलाई किनारा लगाइदिनेछ

**प्रा. डा. लोकराज बराल**

जेनजी भन्ने शब्दावली र यसको प्रभाव सुरुमा हामीजस्ता प्राज्ञिक व्यक्तिहरूले खासै ख्याल गरेका थिएनौं। ट्युनिसिया, कायरो, इन्डोनेसिया र फिलिपिन्सजस्ता देशहरूमा भएका घटनाहरूपछि मात्र यो शब्दावली र आन्दोलनको चर्चा चुलियो। कतिपय ठाउँमा यसले सत्ता परिवर्तन नै गरायो। पछिल्लो समय नेपाल हुँदै भारतको बिहार र मोरक्कोसम्म पुग्दा यसले अन्तर्राष्ट्रिय चर्चा पायो।

नेपालमा देखिएको यो लहर कुनै संगठित आन्दोलन नभई जनतामा व्याप्त चरम नैराश्य र आक्रोशको विस्फोट हो। करिब एक वर्ष अघि एक जना मन्त्रीले हामी केही साथीहरूलाई भेट्न बोलाउनु भयो। उनलाई मैले भनेको थिएँ– तपाईंहरूको सत्ताविरुद्ध आम मानिसमा रहेको नैराश्य आक्रोशमा बदलिँदै छ, जुन भोलि विस्फोट हुन सक्छ। त्यो विस्फोट भयो भने कसैको नियन्त्रणमा रहँदैन र त्यो अराजक बन्न सक्छ। यस्ता आन्दोलनहरू कतिपय अवस्थामा 'कन्स्ट्रक्टिभ एनार्किजम' हुन्छन् भने कतिपय अवस्थामा 'डिकन्स्ट्रक्टिभ एनार्किजम' हुन्छन्। 'डिकन्स्ट्रक्टिभ एनार्किजम' भयो भने त्यो लोकतन्त्रका लागि विनाशकारी पनि हुन सक्छ।

उनले प्रधानमन्त्री केपी शर्मा ओली यस मामिलामा निकै आत्मविश्वासी छन् भने। उनले कुनै पनि आन्दोलन भयो भने हामी त्यसलाई ट्याकल गर्न सक्छौं भनी ओलीले भनेको कुरा हामीलाई सुनाए। तर, त्यसको झण्डै एक वर्षमै जेनजीको आन्दोलन भयो र त्यसैले ओलीलाई सत्ताच्युत गरिदियो।

ओलीमा आत्मविश्वास भरिएको छ भन्नेमा कुनै शंका भएन तर उनलाई हेर्दा लाग्छ– उनले छुट्टै आफ्नो आभासी संसार बनाएका छन्। उनी कार्यकर्ता वा सल्लाहकारहरूले गरेको ब्रिफिङलाई नै सत्य मान्छन्। त्यसैले सत्ताच्युत भएर पनि उनी अहिलेको परिवर्तनलाई सामान्य परिघटना वा षड्यन्त्र मात्र ठान्छन्। यसले उनी भित्र 'सेल्फ सेन्टर्ड क्यारेक्टर' झन् भन्दा झन् बलियो गरि विकास भइरहेको हो कि भन्ने देखिन्छ।

ओलीसँग बोल्ने र सञ्चार गर्ने क्षमता त छ, तर उनी व्यावहारिक राजनीति र समयको पदचाप बुझ्न चाहँदैनन्। यहाँ बीपी कोइरालाको सन्दर्भ निकै सान्दर्भिक हुन आउँछ। उनी भन्छन्, 'नेता त्यो हो, जो वास्तविकताको धरातलमा उभिन सक्छ।' तर, ओली त्यो भन्दा परे भए जस्तो देखिन्छ। त्यसैले त होला, उनले आफ्नै पार्टीको महाधिवेशनको सन्दर्भमा पनि मैले बोल्छु महाधिवेशन सकिन्छ भने। जबकि महाधिवेशन नै पार्टीको सर्वोच्च निकाय हुने गर्छ ।

उनका अभिव्यक्ति र हाउ–भाउ हेर्दा लाग्छ– उनी न त यो परिवर्तन स्विकार्ने पक्षमा छन् न अहिलेको वस्तुगत यथार्थलाई आत्मसाथ गर्ने मनोविज्ञानमा छन्। तर, उनको आभासी दुनियाँ भन्दा बाहिर मिडिया, सामाजिक सञ्जाल र सार्वजनिक वृत्तमा भने उनको बारम्बार आलोचना भइरहेको छ। मिडियाहरू उनको पालामा भएका भ्रष्टाचारका अनेकौं काण्डबारे आलोचना गरेको गऱ्यै छन्। तर, उनले त्यसैलाई जायज ठहराउन खोजेका छन्। यो नै आत्मकेन्द्रित सोचको उपज हो।

नेपालमा भएको जेनजी आन्दोलनमा उत्तर–दक्षिण वा आकाशे मित्रको चासो हुन सक्छ तर यो मूलतः यहीँका जनताको स्वतःस्फूर्त आक्रोश हो। कुनै पनि देशमा हुने आन्दोलनलाई त्यहाँको भूगोलले पनि फरक पार्ने रहेछ। भारत, अमेरिकामा यस्ता कयौँ आन्दोलन भई रहेका छन्, तर त्यसले त्यहाँको केन्द्रीय संरचनालाई थोरै मात्र प्रभाव पारिरहेको हुन्छ। तर नेपालको भूगोलमा यहाँको कुनै पनि क्षेत्रमा आन्दोलन भयो भने त्यसले सिङ्गो देशलाई नै प्रभावित पारिदिन्छ।

यसको सबै भन्दा राम्रो उदाहरण ०३६ सालको आन्दोलन हो। आन्तरिक राजनीतिबाट आक्रोशित युवाहरूको जमातले पाकिस्तानमा जुल्फिकर अली भुट्टोलाई फाँसी दिएको विषयमा प्रदर्शन गर्ने भए। तर प्रदर्शनमा प्रहरीले अनावश्यक दमन गरेपछि आन्दोलन देशैभर फैलियो। कतिसम्म भने राज्य जनमत सङ्ग्रहको घोषणा गर्न बाध्य भयो। जेनजी आन्दोलनका हकमा पनि यो कुरा त्यति नै सान्दर्भिक हुन आउँछ।

त्यसैले हामीले इतिहासबाट सिक्नु पर्ने हुन्छ। झन् देशको मूल नेतृत्वले त त्यसलाई नजरअन्दाज गर्नै मिल्दैन। तर, ओलीले वर्तमान समय, परिस्थिति र इतिहासको शिक्षालाई नै नकारी रहेका छन्। तर, परिस्थिति कस्तो छ भने ठुला भनिएका दलहरू, उनीहरूबिचको समीकरणलाई लिएर जनतामा ठुलो आक्रोश व्याप्त छ।

गर्न पनि उनीहरुले नाजायज नै गरेका थिए। संसदीय व्यवस्थामा दुई ठुला दल मिलेर सरकार बनाएको अवस्था रह्यो यहाँ। यसले नेतृत्वप्रति नै ठुलो वितृष्णा जगाई दिएको छ। र, ओलीले अहिले पनि त्यसैलाई बढवा दिइरहेका छन्। सत्ता र शक्तिको भोक उनमा अझै मरेको देखिँदैन। एकातर्फ युवाहरूको आन्दोलनले उनीहरूलाई म्याद सकिएको औषधि जस्तो बनाई दिएको छ तर उनी भने अझै सत्ता र शक्तिको शिखरमा बसिराख्न चाहन्छन्।

स्वाभाविक रूपमा उनको चाहनाले नयाँ पुस्तालाई राजनीतिमा आउन अवरोध गरिरहेको छ। किनभने उनले आफूलाई आवश्यक पर्ने सपोर्ट सिस्टम त्यस्तै व्यक्तिहरूबाट निर्माण गर्छन्, जो उनकै उमेर समूहको वरपर छन्। यसका साथै ओली कूटनीतिक रूपमा पनि त्यति सक्षम देखिएनन्। कूटनीतिक रूपमा उनी चीनमा भएको जापान विरुद्धको 'भिक्ट्री परेड' मा सहभागी हुनु हुँदैनथ्यो। यसका साथै उनले भारतसँगको सम्बन्धलाई थप चिस्याउँदै 'सिंहमेव जयते' जस्ता अनावश्यक टिप्पणी गरे। सरकार प्रमुखले कूटनीतिक क्षेत्रमा यो स्तरको अपरिपक्वता देखाउनु राम्रो थिएन।

विभिन्न प्रतिकुलताबिच हाम्रो लोकतन्त्रले फेरि पनि खुट्टा टेकेको छ। काला बादलहरू पूर्ण रूपमा नछाटिए पनि अब त्यसबाट डराउनु पर्ने अवस्था भने छैन। लोकतन्त्रको विकल्प अरु कुनै पनि व्यवस्था हुन सक्दैन भनेर स्वयं जेनजीका अगुवा र आन्दोलनले बोलेकै छ। त्यसैले अहिलेको परिस्थितिमा सैन्य 'कु' को कुनै सम्भावना छैन। सेनाले बाह्य शक्ति र भू–राजनीतिक अवस्था बुझेको छ, त्यसैले उनीहरू सत्ता हातमा लिने पक्षमा छैनन्।

जेनजीको आन्दोलनले के देखायो भने नेपालमा अब राजतन्त्र फर्कने वा सैनिक शासन आउने सम्भावना छैन। तर लोकतन्त्रभित्रै नेतृत्व परिवर्तनको माग भने प्रबल छ। जनताले अहिलेको संविधान वा व्यवस्था फाल्न खोजेका होइनन्, बरु दलहरूको कार्यशैली र नेतृत्व सुधार्न खोजेका हुन्।

यदि ओलीले समयको पदचाप बुझ्न सकेनन् भने समयले उनलाई किनारा लगाइदिनेछ। जेनजीको आन्दोलन प्रतिगमनतिर नभई अग्रगमन, विकास, समावेशिता र सुशासनको पक्षमा छ। त्यसैले, अहिले देखिएका पुराना दलहरूको तत्काल विकल्प नभए पनि उनीहरू सुि एनन् भने जनताले अर्को बाटो खोज्ने निश्चित छ।

### गर्भवती जाँचका...

हस्तारन्तरण गरेलगत्तै रिबन काटेर सेवा नियमित गरिएको छ।

**करिब १० प्रतिशत प्रसूति अझै घरमा**

जिल्ला स्वास्थ्य कार्यालय सिराहाका अनुसार आर्थिक वर्ष ०८१८२ मा सिराहाका १७ स्थानीय तहमा १३ हजार ११७ जनामध्ये ११ हजार ८८८ जना स्वास्थ्य संस्था र एक हजार २४९ जनाले घरमै प्रसूति गराएका छन्। पालिका तहमा सबैभन्दा बढी धनगढीमाई नगरपालिकामा ९३१ जनामध्ये ७२२ जना (७७.६ प्रतिशत) स्वास्थ्य संस्था र २०९ जना (२२.४ प्रतिशत) ले घरमै प्रसूति गराएका छन्। त्यस्तै, सबैभन्दा बढी जिल्ला सदरमुकामसमेत रहेको सिराहा नगरपालिकामा ८८.३ प्रतिशत स्वास्थ्य संस्था र ११.७ प्रतिशतले घरमै प्रसूति गराएको कार्यालयको तथ्यांकमा उल्लेख छ ।

फाउन्डेसनका अनुसार स्वास्थ्य संस्थामा प्रसूति गराउँदा आमा तथा नवजात शिशु दुवै सुरक्षित हुने भएकाले स्वास्थ्य उपकरणहरू सहयोग गर्नुका साथै स्वास्थ्य चौकी, आधारभूत अस्पताल र अस्पतालका स्वास्थ्य व्यवस्थापन समिति, बर्थिङ सेन्टरमा कार्यरत स्वास्थ्यकर्मी, महिला स्वास्थ्य स्वयंसेविकाहरूको क्षमता अभिवृद्धिका लागि काम गरिरहेको छ ।

त्यसअघि फाउन्डेसनले गत कात्तिकमा मातृ तथा नवजात शिशुको गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि मिर्चैया अस्पताल, भलुवाही तथा बरियारपट्टी स्वास्थ्य चौकी, सुखीपुर आधारभूत अस्पताल र भगवानपुर प्राथमिक स्वास्थ्य केन्द्रलाई कुल ६ लाख ५२ हजार ५८२ रुपैयाँ ३८ पैसाबराबरको प्रसूतिसम्बन्धी उपकरण र सामग्रीहरू सहयोगस्वरूप उपलब्ध गराएको थियो। प्रसूति गराउने स्वास्थ्यकर्मीहरूलाई गुणस्तरीय र सुरक्षित सेवा प्रवाह, सुरक्षित मातृत्व र नवजात शिशु स्वास्थ्य अधिकारको सुनिश्चितता र आमा तथा शिशु दुवैको जीवन रक्षा गर्न प्रत्यक्ष योगदान पुऱ्याउन सामग्रीहरू दिइएको फाउन्डेसनले जनाएको छ।

### आगामी आर्थिक...

संशोधन) कार्यविधि, २०८२ को प्रावधानभित्र रही पेस गर्नसमेत आयोगले आग्रह गरेको छ।

कार्यविधिअनुसार यी शीर्षकमा अनुदान लिनका लागि आयोजनाको सम्भाव्यता अध्ययन, ड्रइङ, डिजाइन, स्पेसिफिकेसनसहितको विस्तृत विवरणको लागत अनुमान पेस गर्नुपर्ने हुन्छ। त्यस्तै, वातावरणीय अध्ययन प्रतिवेदनलगायत कागजात चाहिन्छन्।

अनुदान माग गर्न स्थानीय तहको हकमा सम्बन्धित कार्यपालिकाको निर्णय र प्रदेशको हकमा सम्बन्धित प्रदेश योजना आयोगको सिफारिसमा प्रदेश सरकारको मन्त्रिपरिषद्ले निर्णय गरेको हुनुपर्ने व्यवस्था कार्यविधिमा छ।

### विद्यालयलाई ...

माध्यमिक विद्यालय पडरिया थारुटोलका प्रधानाध्यापक मनोज यादवले नगरपालिकाको यस कदमले विद्यालयको शैक्षिक तथा भौतिक वातावरणमा सुधार ल्याउने विश्वास व्यक्त गरे। लहान नगरक्षेत्रमा जम्मा ६१ वटा सामुदायिक विद्यालय रहेका छन्।

# पालिकाहरूले तिरेनन् मधेश सरकारलाई ६२ करोड राजस्व

## दुई दर्जन पालिकाहरूले नदीजन्य पदार्थको ६२ करोड भन्दा बढी राजश्व मधेश प्रदेश सरकारलाई तिरेका छैनन्।



**शैलेन्द्र महतो**

जनकपुरधाम, १ पुस। स्थानीय सरकारहरूले नदीजन्य पदार्थबाट हुने आम्दानी प्रदेश सरकारलाई बुझाएका छैनन्। महालेखा परीक्षकको प्रतिवेदन अनुसार हालसम्म स्थानीय सरकारहरूले ६२ करोड भन्दा बढी राजस्व मधेश सरकारको संचित कोषमा दाखिला नगरेको पाइएको छ। मधेश सरकारको आर्थिक ऐनमा नदीजन्य पदार्थ गिट्टी, बालुवा, ढुंगाको स्थानीय तहले ६० र प्रदेश सरकारले ४० प्रतिशत राजश्व बाँडफाँड हुने उल्लेख छ। यसरी रकम दाखिला नगर्नेमा वीरगञ्ज महानगरपालिकासहित दुई दर्जन पालिकाहरू छन्।

**संस्कारलाई दोष**

बाराको निजगढ नगरपालिकाले स्थापनाकालदेखि अहिलेसम्म उसले गिट्टी बालुवाको राजश्व नै बुझाएको छैन। प्रतिवेदन अनुसार उसले तिर्नुपर्ने राजश्व रु. २३ करोड ९२ लाख भन्दा बढी छ। निजगढका नगर प्रमुख सुरथ पुरी पहिलादेखि नै राजश्व दाखिला नगर्ने संस्कारको कारण आफूहरूले पनि बुझाउन नसकेको स्वीकारे। आफू निर्वाचित भएर आएको वर्ष ठेक्का नलागेको उनको भनाइ छ। उनी भन्छन्, 'दुरुपयोग भएको होइन। यही विकास निर्माणमै खर्च भएको हो।'

प्रदेश सरकारबाट पनि समयमा खोजी नहुँदा यो अवस्था आएको दाबी उनको छस्थानीय तह वित्तीय संघीयतामा जिम्मेबार नहुँदा गर्नुपर्ने राजश्व दाखिला प्रदेश संचित कोषमा नगरेको अर्थ मन्त्रालय मधेश प्रदेशका सचिव रामकुमार महतो बताउँछन्। उनी भन्छन्, 'स्थानीय तह वितीय संघीयतामा गैर जिम्मेवार देखिन्छ। जसले गर्दा प्रत्येक वर्ष महालेखा परीक्षकले बेरुजु ठहर्याएको छ।'

गत साउन ३० गते मधेश प्रदेशका सबै स्थानीय तहमा अर्थ मन्त्रालयले पत्राचार गरी राजश्व बाँडफाडको रकम प्रदेश संचित कोषमा दाखिला गर्न आग्रह गर्दै अन्यथा रोक्का गर्ने चेतावनी समेत दिएको थियो।

**रोकियो अनुदान**

राजश्व नबुझाउने र बाँकी रहेका स्थानीय तहको मधेश सरकारले प्रदेशबाट स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का गरेको छ। स्थानीय तहले संकलन गरी बाँडफाँट गर्नु पर्ने ढुङ्गा, गिट्टी, बालुवा, माटो, दहत्तर वहत्तर शुल्क, विज्ञापन कर र मनोरञ्जन कर लगायतका राजस्व संकलन गरी कतिपय स्थानीय तहले कानून वमोजिम वाँडफाँट गरी प्रदेश सञ्चित कोषमा विगत वर्षदेखि नै दाखिला नभएको पत्रमा उल्लेख छ।

पत्रमा भनिएको छ, 'प्रदेशको सम्पूर्ण हिस्सा प्रदेश सञ्चित कोषमा अनिवार्यरुपमा दाखिला हुन अनुरोध गर्दै उल्लिखित रकम दाखिला नभएको देखिएमा प्रदेशवाट तहाँ स्थानीय तहमा हस्तान्तरण हुने वित्तीय समानीकरण अनुदान, सशर्त अनुदान, समपुरक अनुदान, विशेष अनुदान र राजस्व बाँडफाँटको रकम रोक्का राखिने तथा कट्टा गरी समायोजन गरिने व्यहोरा जानकारीको लागि अनुरोध छ।'

**कसको कति तिर्न बाँकी ?**

| क्र.सं. | स्थानीय पालिका | आर्थिक वर्ष | तिर्न बाँकी |
|---|---|---|---|
| १. | गणेशमान चारनाथ न.पा. (धनुषा) | २०७८/०७९,२०७९/०८० | ३ करोड २ लाख ३९ हजार |
| २. | मिथिला बिहारी नगरपालिका (धनुषा) | २०८०/०८१ | १ करोड ३५ लाख ४ हजार |
| ३. | धनुषाधाम नगरपालिका (धनुषा) | २०८०/०८१ | ६० लाख ८० हजार |
| ४. | बर्दिबास नगरपालिका (महोत्तरी) | २०७९/०८०,२०८०/०८१ | २ करोड ५ लाख ३५ हजार |
| ५. | भंगहा नगरपालिका (महोत्तरी) | २०७७/०७८ | १ करोड ७ लाख ३ हजार |
| ६. | गौशाला नगरपालिका (महोत्तरी) | २०७८/०७९ | ६४ लाख ६० हजार |
| ७. | बागमती नगरपालिका (सर्लाही) | २०८०/०८१ | ६७ लाख ७७ हजार |
| ८. | लालबन्दी नगरपालिका (सर्लाही) | २०७७/०७८, ०७८/०७९ | ७४ लाख ४२ हजार |
| ९. | ईश्वरपुर नगरपालिका (सर्लाही) | २०७७/०७८,२०७९/०८० | ९२ लाख ५६ हजार |
| १०. | हरिपुर नगरपालिका (सर्लाही) | २०७८/०७९,२०८०/०८१ | १७ लाख २२ हजार |
| ११. | बसबरीया नगरपालिका (सर्लाही) | २०७९/०८० | ५ लाख ३४ हजार |
| १२. | लहान नगरपालिका (सिरहा) | २०७७/०७८, ०७९/०८० | १ करोड ५० लाख ६० हजार |
| १३. | कर्जन्हा नगरपालिका (सिरहा) | २०८०/०८१ | ७१ लाख ३६ हजार |
| १४. | मिर्चैया नगरपालिका (सिरहा) | २०७९/०८० | १६ लाख १२ हजार |
| १५. | धनगढीमाई नगरपालिका (सिरहा) | २०७९/०८० | २७ लाख १८ हजार |
| १६. | गढीमाई नगरपालिका (रौतहट) | २०८०/०८१ | २७ लाख १८ हजार |
| १७. | चन्द्रपुर नगरपालिका (रौतहट) | २०७८/०७९, ०८०/०८१ | ३८ लाख ३० हजार |
| १८. | गौर नगरपालिका (रौतहट | २०७७/०७८ | ४० हजार |
| १९. | जितपुर सिमरा उपमहानगरपालिका (बारा) | २०७६/०७७, ०८०/०८१ | १३ करोड ५५ लाख १३ हजार |
| २०. | निजगढ नगरपालिका (बारा) | २०७४/०७५ देखि २०८०/०८१ | ५ करोड ८३ लाख ८८ हजार |
| २१. | वीरगञ्ज महानगरपालिका (पर्सा ) | २०७९/०८०,०८०/०८१ | २ करोड ३५ लाख ३४ हजार |
| २२. | जिरा भवानी नगरपालिका (पर्सा) | २०७८/०७९ | १३ लाख ९७ हजार |
| २३. | पर्सागढी नगरपालिका (पर्सा ) | २०८०/०८१ | ८ लाख १७ हजार |

# मधेस प्रदेश सरकारमा मतभेद सुरु, सरकार छाड्ने जनमतको चेतावनी



जनकपुरधाम, १ पुस। मधेस प्रदेशमा सातदलीय गठबन्धन सरकारभित्र मतभेद देखिन थालिसकेको छ। सोमबार मुख्यमन्त्री कृष्णप्रसाद यादवले उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालय नेकपा (एकीकृत समाजवादी)का कनिष पटेललाई दिएपछि जनमत पार्टीले कडा आपत्ति जनाउँदै सरकारबाट फिर्ता हुने चेतावनी दिएको हो।

जनमत पार्टीका केन्द्रीय उपाध्यक्ष तथा मधेस प्रदेशसभा सदस्य वसन्त कुशवाहाले गठबन्धनको सहमतिविपरीत पर्यटन मन्त्रालय अन्य दललाई दिइएको भन्दै सरकार छाड्नेसम्मको चेतावनी दिएका छन्। उनका अनुसार सरकार गठनअघि जनमत पार्टीलाई अर्थ मन्त्रालय र पर्यटन मन्त्रालय दिने प्रतिबद्धता गरिएको थियो, तर पर्यटन मन्त्रालय अन्य दललाई दिएर सहमति उल्लंघन गरिएको हो।

कुशवाहाले भने, 'चालु आर्थिक वर्षमा उद्योग, वाणिज्य तथा पर्यटन मन्त्रालयअन्तर्गत १० हजार रोजगारी सिर्जना गर्ने कार्यक्रम बजेटमा विनियोजन गरिएको छ। तर भागबन्डाको नाममा त्यो मन्त्रालय अरूलाई दिनु भनेको रोजगारीसम्बन्धी सम्पूर्ण कार्यक्रमलाई अलपत्र पार्नु हो।'

कुशवाहाका अनुसार चालु आर्थिक वर्षको बजेट निर्माणका बेला जनमत पार्टीकै सतीशकुमार सिंह नेतृत्वको सरकारमा पर्यटन मन्त्री रहेका कारण सो मन्त्रालयअन्तर्गत धेरै योजना जनमत पार्टीले अघि सारेको थियो। यही कारण जनमतले पर्यटन मन्त्रालयमा दाबी गर्दै आएको थियो। तर सोमबार मुख्यमन्त्री यादवले मन्त्रिपरिषद् विस्तार गर्दै यसअघि बिनाविभागीय मन्त्री रहेका कनिष पटेललाई पर्यटन मन्त्रालयको जिम्मेवारी दिएका हुन्।

उपाध्यक्ष कुशवाहाले पार्टीको उद्देश्यअनुसार सरकारमा सहभागिता सुनिश्चित नभए मधेस प्रदेश सरकारबाट अलग हुने स्पष्ट चेतावनी दिएका हुन्। यता सोमबार बसेको सातदलीय गठबन्धनको बैठकमा सबै दलबाट एक–एक जना मन्त्री राख्ने सहमति भए पनि मन्त्रिपरिषद् विस्तारमा जनता समाजवादी पार्टी (जसपा) नेपाल सहभागी भएको छैन। जसपा नेपालले भौतिक पूर्वाधार विकास मन्त्रालय र सभामुख पद आफूहरूले पाउनुपर्ने दाबी गर्दै आएको छ।

सातदलीय गठबन्धनतर्फबाट हालसम्म नेपाली कांग्रेसबाट मुख्यमन्त्रीसहित दुई जना, नेकपा (एकीकृत समाजवादी), माओवादी केन्द्र, जनमत पार्टी र लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा)बाट एक–एक जना मन्त्री मन्त्रिपरिषद्मा सहभागी भएका छन्।

# बहुप्रतिक्षीत मैथिली फिल्म 'कलकतियावाली' जनकपुरमा रिलिज हुने



जनकपुरधाम, १ पुस। बहुप्रतिक्षित मैथिली फिल्म 'कलकतियावाली' जनकपुरधाममा रिलिज हुने भएको छ। फिल्मका निर्देशक अरुण विजयाले मंगलबार आयोजित पत्रकार सम्मेलनमार्फत आगामी पुस ४ गते जनकपुरधामस्थित आशा सिनेमा हलबाट फिल्म प्रदर्शनमा ल्याइने जानकारी दिएका हुन्।

सेन्सर पास गरेपछि पहिलोपटक जनकपुरधामको सिनेमा हलबाट फिल्म रिलिज गर्न लागिएको निर्देशक विजयाले बताए। उनका अनुसार जनकपुरधामपछि नेपालभर रहेका मैथिली दर्शक बढी भएका सिनेमा हलहरूमा समेत फिल्म क्रमशः रिलिज गरिनेछ। सामाजिक कथावस्तुमा आधारित मैथिली फिल्म 'कलकतियावाली' यसअघि विभिन्न स्थानमा प्रदर्शन भइसकेको भए पनि सिनेमा हलमार्फत पहिलोपटक जनकपुरधाममा रिलिज हुन लागेको हो।

लभ यु मिथिलाको ब्यानरमा निर्माण गरिएको यस फिल्ममा श्याम शशी, इशिका भुजेल र रामनारायण ठाकुरको अभिनय छ। प्रमोद मनोजको संगीत रहेको फिल्मका सबै गीतहरू सुपरहिट भइसकेका छन्। दर्शकको सकारात्मक चासो र प्रतिक्रियालाई मध्यनजर गर्दै २८ लाख रुपैयाँ लगानीमा निर्माण गरिएको फिल्म 'कलकतियावाली' मैथिली सिनेमा जगतमा एउटा माइलस्टोन सावित हुने विश्वास निर्माण टिमले व्यक्त गरेको छ।

# सिरहा कांग्रेसको उम्मेदवार सिफारिस : युवा र दलितलाई प्राथमिकता, दुई क्षेत्रमा विवाद

**मिथिलेश यादव**

लहान, १ पुस। फागुन २१ गते घोषणा गरिएको प्रतिनिधिसभा निर्वाचनका लागि नेपाली कांग्रेस जिल्ला कार्यसमिति सिरहाले चार वटा निर्वाचन क्षेत्रका २३ जना उम्मेदवारहरूको नाम सिफारिस गरेको छ। चार वटा निर्वाचन क्षेत्रका लागि ८ जना प्रत्यक्ष र १५ जना समानुपातिकतर्फका उम्मेदवार सिफारिस भएका छन्। जेनजी आन्दोलनपछि परिवर्तित अवस्था र जनअपेक्षाअनुसार युवा र दलित र महिलालाई प्राथमिकतामा राखेर उम्मेदवारको नाम सिफारिस गरिएको कांग्रेस सिरहा जिल्ला सचिव शैलेन्द्र यादवले जानकारी दिएका छन्।



निर्वाचन क्षेत्र-१ मा केन्द्रीय सदस्य पदम नारायण चौधरी र लहान नगर सभापति सज्जयकुमार यादवलाई प्रत्यक्षतर्फको उम्मेदवार सिफारिस गरिएको हो। परम्परागत उम्मेदवार सँगै जेनजी आन्दोलनको मर्म र भावना तथा जनचाहनाअनुसार युवा उम्मेदवारको रुपमा यादवलाई सिफारिस गरिएको सचिव शैलेन्द्र यादवले जानकारी दिएका छन्। अहिलेको बदलिँदो परिस्थितिअनुसार युवाप्रतिको चाहना बढ्दो भएकोले सज्जयलाई सिफारिस गरिएको हो।

यस्तै, नेपाल महिला संघकी केन्द्रीय सभापति उषा राउत, नेविसंघ पूर्व केन्द्रीय सह-महामन्त्री प्रमेश्वर साह र जिल्ला सदस्य शर्मिला पोखरेलको नाम समानुपातिकतर्फको उम्मेदवार सिफारिस गरिएको छ। साह र पोखरेललाई युवापुस्ताको हिसाबले सिफारिस गरिएको बताइएको छ।

क्षेत्र नम्बर २ बाट प्रत्यक्षमा जिल्ला सभापति तथा संविधानसभा सदस्य रामचन्द्र यादवको एकल नाम सिफारिस भएको छ। समानुपातिकतर्फ कांग्रेस केन्द्रीय सदस्य तथा अस्ट्रेलियाकी राजदूत चित्रलेखा यादवको नाम सिफारिस भएको हो।

क्षेत्र नम्बर ३ मा प्रत्यक्षतर्फ जिल्ला सहसचिव रामबाबु यादव, पूर्वप्राध्यापक मधुसूदन यादवको नाम सिफारिस गरिएको छ। समानुपातिकतर्फ मधेस प्रदेशका कांग्रेस महामन्त्री उपेन्द्र यादव, कौशल मण्डल, अरुण सदाय र कुसुम कुमारी यादवको नाम सिफारिस भएको छ। क्षेत्र नम्बर ४ मा प्रत्यक्षतर्फ कांग्रेस केन्द्रीय सदस्य मञ्जु खाँड, संविधानसभा सदस्य डा. गणेशकुमार मण्डल र हज समितिका केन्द्रीय अध्यक्ष मोहम्मद मुख्तार अहमदको नाम सिफारिस गरिएको छ। समानुपातिकतर्फ अरुणकुमार सिंह, रमेश न्यौपाने, रामएकवाल यादव, रामकृष्ण पोखरेल, नागेश्वर भुडेर, अरहुलिया मुखियाको नाम सिफारिस भएको छ।

यसैगरी, राष्ट्रिय सभा सदस्यका लागि सिरहा क्षेत्र नम्बर १ बाट सूर्य नारायण यादव र वसन्ती सदायको नाम सिफारिस भएको छ। क्षेत्र नम्बर २ बाट संविधानसभा सदस्य अमियकुमार यादवको नाम सिफारिस भएको छ। क्षेत्र नम्बर ३ बाट मोहम्मद इजहारुल हकको नाम सिफारिस गरिएको छ।

**दुई निर्वाचन क्षेत्रमा विवाद**

प्रतिनिधिसभा निर्वाचनका लागि उम्मेदवारहरूको नाम सिफारिसमा क्षेत्र-१ र ३ मा विवाद आएको छ। क्षेत्र नम्बर १ को क्षेत्रीय कार्यसमितिले प्रत्यक्षमा रामसुन्दर चौधरी र पद्मनाराण चौधरीको नाम सिफारिस गरेको जनाएको छ। क्षेत्रीय समितिले सिफारिस गरेको उम्मेदवारको नाम जिल्लाले हटाइदिएकोमा असन्तोष छ। जिल्ला कार्यसमितिले रामसुन्दरको नाम हटाएको हो।

यसैगरी, क्षेत्र नम्बर ३ को क्षेत्रीय कार्यसमितिले प्रत्यक्षमा पूर्वकेन्द्रीय कोषाध्यक्ष पूर्वमन्त्री सीतादेवी यादव र समानुपातिकमा अमर रेग्मी, जीवछ गुप्ता र जगतारैन कामतीको नाम सिफारिस गरेको थियो। तर, जिल्ला कार्यसमितिको सिफारिसमा यी कुनै उम्मेदवारहरूको नाम उल्लेख छैन।

यस विषयमा जिल्ला कार्यसमिति सचिव शैलेन्द्र यादवले भने,'क्षेत्रीय समितिबाट जिल्ला कार्यसमितिलाई सिफारिस पत्र नै पाएको छैन। उम्मेदवार सिफारिसका लागि बसेको जिल्ला कार्यसमितिको बैठकमा पनि क्षेत्रीय सभापतिलगायत उपस्थित नभएको यादवको भनाई छ। क्षेत्रीय समितिबाट सिफारिस नआएपछि जिल्ला कार्यसमितिले योग्यता पुगेका उम्मेदवारको नाम सिफारिस गरेर पठाएको हो, उनले भनेका छन्।

क्षेत्र नम्बर ३ का सभापति सज्जय प्रकाश यादवका अनुसार आफूले क्षेत्रबाट सिफारिस भएको उम्मेदवारहरूको नाम जिल्ला सचिव शैलेन्द्रलाई टिपाएको र प्रदेश, केन्द्रलाई इमेल गरेको बताएका छन्।

**जिल्ला अधिवेशनको किचलो उम्मेदवार सिफारिसमा प्रकट**

नेपाली कांग्रेसको १४ औं जिल्ला अधिवेशनको निर्वाचनबाट रामचन्द्र यादव जिल्ला सभापति निर्वाचित भए। रामचन्द्र यादवसँग जिल्ला सभापतिमा रामसुन्दर चौधरी प्रतिस्पर्धामा थिए। त्यो बेला चौधरीले जिल्ला कार्यसमितिको निर्वाचनबाट बाहिरिए। उनले धाँधली भएको आरोप लगाउँदै निर्वाचन बहिष्कार गरेका थिए। निर्वाचन बहिष्कार गरेका उनले समानान्तर जिल्ला कार्यसमिति नै गठन गरेको घोषणा गरेका थिए। त्यस बेलादेखि नै चौधरी पक्षले निर्वाचित जिल्ला कार्यसमितिलाई नमान्ने अडानमा कायम छ।

चौधरीले क्षेत्रीय समितिले सिफारिसको गरेको आफ्नो नाम जिल्ला कार्यसमितिले हटाएर मंसिर १५ गते केन्द्रले पठाएको उम्मेदवार सिफारिस सम्बन्धीको परिपत्रको उल्लघंन गरेको आरोप लगाएका छन्।

# कर्मचारीमाथि भएको घटनामा राष्ट्र बैंकले पनि खोल्यो मुख

काठमाडौँ, १ पुस। ज्योति विकास बैंकको सप्तरीस्थित रुपनी शाखाका कर्मचारीमाथि भएको हातपात र दुर्व्यवहारको घटनाको विषयमा नियमनकारी निकाय नेपाल राष्ट्र बैंकले मुख खोलेको छ। राष्ट्र बैंकले मंगलबार विज्ञप्ति जारी गर्दै बैंक तथा वित्तीय संस्थाका कर्मचारीमाथि हुने गैरजिम्मेवार क्रियाकलापप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ।

पछिल्लो समय बैंकका कर्मचारीमाथि भौतिक आक्रमण र धम्कीका घटना बढ्न थालेपछि केन्द्रीय बैंकले कडा शब्दमा चेतावनी दिँदै त्यस्ता गतिविधिमा संलग्नलाई कानुन बमोजिम कारबाही हुने स्पष्ट पारेको छ। राष्ट्र बैंकले जारी गरेको विज्ञप्तिमा बैंकिङ प्रणालीको यथार्थ बुझिदिन सर्वसाधारणलाई आग्रह गरिएको छ। बैंकले प्रवाह गर्ने कर्जा भनेको सर्वसाधारणले जम्मा गरेको निक्षेप (बचत) रकम नै भएको र उक्त रकम सुरक्षित फिर्ता गर्न ऋणीले लिएको कर्जा नियमित रूपमा तिर्नुपर्ने दायित्व रहेको राष्ट्र बैंकले स्मरण गराएको छ।

'बैंक तथा वित्तीय संस्थाले सर्वसाधारणबाट निक्षेप संकलन गरी कर्जा प्रवाह गर्ने भएकाले कर्जा फिर्ता नभएमा निक्षेप फिर्ता गर्न नसक्ने, तरलतामा प्रभाव पर्ने हुँदा ऋणीले लिएको कर्जा भुक्तानी नियमित रूपमा गर्नुपर्ने हुन्छ,' राष्ट्र बैंकले भनेको छ। कुनै ऋणीलाई प्रतिकूल परिस्थितिका कारण ऋण तिर्न असहज भएको खण्डमा राष्ट्र बैंकले समय-समयमा पुनर्संरचना र पुनर्तालिकीकरणको सुविधा दिँदै आएको पनि जनाएको छ। साथै, बैंकिङ कारोबारमा कुनै गुनासो भए सम्बन्धित संस्था वा राष्ट्र बैंककै गुनासो सुनुवाइ इकाईमा सम्पर्क गर्न सकिने व्यवस्था हुँदाहुँदै कर्मचारीमाथि आक्रमण गर्नु गलत भएको बैंकको ठहर छ। राष्ट्र बैंकले बैंक तथा वित्तीय संस्थामा कार्यरत कर्मचारीहरू विरुद्ध हुने गैरव्यावसायिक र उच्छृङ्खल गतिविधिले वित्तीय सेवा नै प्रभावित हुन सक्ने चिन्ता व्यक्त समेत गरेको छ।

# आयोजना प्रमुखविरुद्ध भ्रष्टाचार मुद्दा

काठमाडौँ, १ पुस। नेपाल नागरिक उड्डयन प्राधिकरणका प्रबन्धक एवम् पोखरा क्षेत्रीय अन्तर्राष्ट्रिय विमानस्थल आयोजना प्रमुख विनेश मुनकर्मीविरुद्ध भ्रष्टाचार मुद्दा दायर भएको छ। अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गैरकानूनी सम्पत्ति आर्जन गरेको अभियोगमा मुनकर्मीविरुद्ध आज विशेष अदालतमा मुद्दा दायर गरेको हो। अख्तियारले उनीविरुद्ध २ करोड ५० लाख ३४ हजार रुपैयाँ बराबरको बिगो कायम गरेको छ। अख्तियारले पोखरा विमानस्थल निर्माणका क्रममा भएको भ्रष्टाचारमा यसअघि ५ पूर्वमन्त्रीसहित ५६ जनाविरुद्ध मुद्दा दायर गरिसकेको छ।





**बरियारपट्टी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
बरियारपट्टी, सिरहा
मधेश प्रदेश, नेपाल




**विष्णुपुर गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
विष्णुपुर, सिरहा
मधेश प्रदेश, नेपाल




**नरहा गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
नरहा, सिरहा
मधेश प्रदेश, नेपाल


मार्गानुगामी राष्ट्रिय दैनिकका लागि **प्रकाशक** : राम बाबु यादव, **सम्पादक** : कमलेश कुमार यादव, **सह-सम्पादक** : सत्य नारायण चौधरी, **कानुनी सल्लाहकार**: कृष्ण प्रसाद दंगाल **कम्प्युटर ले-आउट : मार्गानुगामी दैनिक कार्यालय** : गोलबजार न.पा-६ (सिरहा) फोन नं. ०३३५४०३५६, ९८५२८३२६३४ e-mail : mgnd2070@gmail.com, website : www.marganugami.com, **मुद्रक** : न्यू यदुवंशी अफसेट प्रेस, लहान, (सिरहा)